वालिङ नगरपालिका
नगरपालिका कार्यालय
वालिङ, स्याङजाको

दमकल खरिद सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७३/१०/३ गते)

वालिङ नगरपालिका कार्यालयको लागि नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट चालु आर्थिक वर्ष २०७३/०७४ मा स्थानीय निकाय सःशर्त पुँजिगत अनुदान अर्न्तगत दमकल खरिदका लागि अख्तियारी बमोजिम दैविप्रकोप व्यवस्थापन आगलागी नियन्त्रण गर्ने कार्यका लागी दमकल खरिद गर्नु पर्ने भएको हुदा नेपाल सरकारबाट सम्बन्धित कामका लागि इजाजत प्राप्त इच्छुक व्यवसायीहरू वा कम्पनीबाट निम्न सर्तहरूको अधिनमा रहि रितपूर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम खरीद गर्न इच्छुक व्यवसायीहरू वा कम्पनीले सम्बन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७२/०७३ को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण-पत्र, व्यवसाय इजाजत-पत्र, स्थायी लेखा दर्ता नं. एवम् आयकर तथा मु.अ. कर दर्ता प्रमाण-पत्र (भ्याट), साथै आ.व. २०७२/०७३ को कर विवरण पेश गरेको कागजात, सम्बन्धितको नागरिकताको प्रमाण-पत्र र फर्म सम्वन्धि अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि (जो बोलपत्र खरिद प्रयोजनको लागि मात्र मान्य हुनेछ) को साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने) यस कार्यालयको राजस्व शाखामा बुझाई यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० दिनसम्म कार्यालय समयभित्र यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट बोलपत्र फाराम खरीद गर्न सकिनेछ ।

२. खरीद गरिएको बोलपत्रहरू यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिनको दिउँसो १२:०० बजेभित्र वालिङ नगरपालिका कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं., बोलपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरि यस कार्यालयमा दर्ता गराउन सकिने छ । साथै e-bidding (ई. विडिङ) बाट समेत दर्ता गर्ने सकिनेछ । Website: *http://www.bolpatra.gov.np*

३. बोलपत्र सम्बन्धी कागजात दाखिला गर्दा बोलपत्र पुस्तिकामा उल्लेख भए बमोजिमका कुराहरू खुलेको प्रमाण बोलपत्र साथ अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

४. बोलपत्र पुस्तिका तथा सूचनामा उल्लेखित मुल्यांकनका आधारहरू पुरा नगर्ने बोलपत्र दाताहरूको बोलपत्र स्वीकृत गरिने छैन ।

५. दर्ता भएको बोलपत्र सोही दिनको २:०० बजे बोलपत्र दर्ता गर्ने फर्महरूको सम्बन्धित व्यक्ति वा निजको अधिकार प्राप्त प्रतिनिधिहरूको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र दर्ता तथा खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिनको सोही अनुसारको समयमा दर्ता गर्ने र खोल्ने काम हुनेछ । फर्मको प्रतिनिधिको रूपमा कुनै व्यक्ति पठाउनु पर्ने भएमा रीतपुर्वकको मन्जुरीनामा सहित पठाउनु पर्नेछ ।

६. बोलपत्र फारम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दर मान्य हुनेछ । केरमेट भएमा सो ठाउँमा सही छाप हुनु पर्नेछ ।

७. शिलबन्दी बोलपत्र साथ जमानत बापत आफूले बोलपत्रमा कवुल गरेको रकमको कम्तीमा २.५ देखि ३.० प्रतिशतले हुन आउने रकम नघटाई नेपाल बैक लिमिटेड शाखा स्याङजामा रहेको खाता नं. २३२ ग ३/७२-५१-३९९३ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी भएको घटीमा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ९० दिन सम्म म्याद भएको जमानीपत्र (Bidbond) समावेश भएको हुनु पर्नेछ । अन्यथा बोलपत्र अयोग्य मानिने छ ।

८. बोलपत्र दर्ता गर्ने फर्महरूले बोलपत्र पुस्तिकामा सम्लग्न गरिएको स्पेशिफिकेसन तथा अन्य ब्यहोरा प्रस्ट रूपमा पढि, सहि छाप गरी पेश गर्नू पर्नेछ । बोलपत्र जुन फर्मको नामबाट खरीद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनुपर्ने र यस कार्यालयबाट बिक्री भएको बोलपत्र फाराममा भरी प्रत्येक पृष्ठमा सही छाप गरी पेश गर्नु पर्नेछ । शिलबन्दी बोलपत्र दाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरू शिलबन्दी बोलपत्र साथ (शिलबन्दी खामभित्रै) संलग्न हुनु पर्नेछ ।

९. दर्ता भएको बोलपत्रको मान्य अवधि बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट ९० दिनको हुनेछ ।

१०. कुनै पनि कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. बोलपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरूको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरूको हकमा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ र सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ । अन्य जानकारीका लागि यस कार्यालयको फोन नं. ०६३-४४०१७७ मा सम्पर्क गर्न सकिनेछ ।

सि.नं.	ठेक्का नं.	कामको बिबरण	संख्या	बोलपत्र फारम दस्तुर
१	१/०७३/०७४	दमकल खरिद (तोकिएको स्पेशिफिकेसनमा)	१	रू. ३०००।००

कार्यकारी अधिकृत